


# संस्थागत जानकारी

## जीवन विकास लघुवित्त वित्तीय संस्था लि.

## JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)



## संस्थाको संक्षिप्त परिचय

**जीवन विकास समाज (गैर सरकारी संस्था) द्वारा प्रबर्धित जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकबाट (राष्ट्रियस्तर) "घ" वर्गको वित्तीय संस्थाको रुपमा इजाजतपत्र प्राप्त गरी २०७५ फागुन १६ गते देखि वित्तीय सेवा प्रदान गरिरहेको छ । गरीबी रहित नेपाल निर्माणको मुख्य परिकल्पनाका साथ यस वित्तीय संस्थाले विपन्न परिवारको जीवनस्तर उकास्नका लागि वित्तीय सेवाको साथै डिजिटल र सामाजिक सेवाहरु प्रदान गर्दै आइरहेको छ । समाजमा रहेको आर्थिक असमानतालाई न्यूनिकरण गरी शहरी क्षेत्र तथा सम्पन्न परिवारको मात्र पहुँच रहेका अत्यावश्यक सेवा सुविधाहरुमा ग्रामिण क्षेत्र तथा विपन्न परिवारले समेत उपभोग गर्ने तथा स्थानीय स्तरमा आय आर्जन एवं उद्यमशीलता विकासको अवसर सिर्जना गर्ने कार्य गरिरहेको छ ।**

### वित्तीय संस्थाको हालको अवस्था :-

| सेवा पुगेको (जिल्ला) | शाखा संख्या | सक्रिय सदस्य संख्या | ऋणी संख्या | कर्मचारी संख्या | कुल बचत रु. | कुल ऋण रु. |
|---|---|---|---|---|---|---|
| २४ | १६० | ३,२४,५९९ | १,९४,४०८ | ९२५ | १०,०४,२१,४३,९०७ | २५,५८,७९,७६,७४० |

## लघुवित्तका सेवाहरू

### १. बचत

<table>
<tr><th>क्र.स.</th><th>बचतको नाम</th><th>ब्याजदर प्रतिशत</th><th colspan="4">विशेषता</th></tr>
<tr><td>१</td><td>अनिवार्य</td><td>७.५ %</td><td colspan="4">यो बचत संस्थामा आबद्ध हरेक सदस्यले केन्द्र बैठकमा जम्मा गर्नु पर्ने हुन्छ । बचत रकम न्युनतम रु.५० र बढीमा केन्द्रको निर्णय अनुसार हुनेछ । केन्द्र अनुसार बचत रकम फरक हुन सक्नेछ ।</td></tr>
<tr><td>२</td><td>बिशेष</td><td>७.५ %</td><td colspan="4">सदस्यको हरेक कारोबार यस बचत खाताबाट हुन्छ । केन्द्र बैठक र कार्यालय दुबै ठाउँमा जम्मा गर्न र झिक्न सकिनेछ ।</td></tr>
<tr><td rowspan="3">३</td><td rowspan="3">जीवन सुरक्षा</td><td rowspan="3">७.५% - ८%</td><td>योजना(Scheme)</td><td>नयाँ खाता रकम</td><td colspan="2">थप सुविधा</td></tr>
<tr><td>व्यक्तिगत बचत (Sch-1)</td><td>शुन्य ब्यालेन्स सबै सदस्यलाई</td><td colspan="2">रेमिट्यान्सबाट आएको रकम बचत खातामा जम्मा गरे थप ०.५ प्रतिशत ब्याजको सुविधा रहेको छ ।</td></tr>
<tr><td>न्यूनतम मौज्दात (Sch-2)</td><td>रु.२०,०००/-</td><td colspan="2">यस योजना अन्तर्गत बचत गर्ने सदस्य र निजको श्रीमान् र श्रीमतिको १ / १ लाखको दुर्घटना वीमा, १ / १ लाखको स्वास्थ्य उपचार वीमा (दुर्घटनामा परी उपचार गराएमा) र १० / १० हजारको पार्थिव शरीर व्यवस्थापन तथा १० / १० हजारको काजक्रिया खर्च प्रदान गर्ने व्यवस्था रहेको छ ।</td></tr>
<tr><td rowspan="4">४</td><td rowspan="4">पेन्सन</td><td rowspan="4">योजना अनुसार</td><td>अवधी</td><td>१५ बर्ष</td><td>१० बर्ष</td><td>५ बर्ष</td></tr>
<tr><td>ब्याजदर</td><td>११.२५ %</td><td>९. ७५ %</td><td>७.५ %</td></tr>
<tr><td colspan="4">नोट : सदस्यले योजना अवधी पुरा नगरि बचत झिकेमा ७.५ प्रतिशत ब्याज प्रदान गरिनेछ । १५ बर्षे योजना पुरा गरे पस्चात पनि बचत नझिकेमा मासिक १ प्रतिशत ब्याज प्रदान गरिनेछ ।</td></tr>
<tr><td colspan="4">२०७६ मङ्सिर १८ गते देखी नयाँ पेन्सन खाता खोलेको छैन तर पुराना सन्चालित खातालाई योजना अवधिसम्म निरन्तरता दिइनेछ ।</td></tr>
<tr><td>५</td><td>सुनौलो भविष्य</td><td>७.५ %</td><td colspan="4">सदस्यहरुले आफ्ना सन्तानको पढाइ खर्च तथा उज्वल भविष्यका लागि यो बचत गर्न सक्नेछन । संस्थामा आबद्ध सदस्यको छोरा जन्मिए रु.१०० र छोरी जन्मिए रु.१५० खातामा स्वतः जम्मा भइ यो बचतको सुरुवात हुनेछ । संस्थाले सुरुवात गरेको सो खातालाई सदस्यहरुले निरन्तरता दिनु पर्नेछ । साथै इच्छुक सदस्यले १५ बर्ष भन्दा कम उमेरका सन्तानको नाममा यो बचत गर्न सक्नेछन्।</td></tr>
<tr><td>६</td><td>उपकार कोष</td><td>७.५ %</td><td colspan="4">केन्द्र बैठकमा तोकिएको समयमा सदस्य तथा कर्मचारी नपुगेमा तिरेको जरिवाना वापतको रकम यस बचतमा जम्मा हुन्छ । सदस्यको सामुहिक हितको लागी यो बचत प्रयोग गर्न सकिन्छ ।</td></tr>
</table>

## २. कर्जा

| कर्जाको प्रकार | ब्याजदर प्रतिशत | सेवा शुल्क | अधिकतम अवधि | कर्जाको सिमा |
|---|---|---|---|---|
| **साधारण** | १५ % | १.५% | ५ वर्ष | रु ७ लाख सम्म |
| **स्वदेशिक स्वरोजगार** | १५ % | १.५% | १० वर्ष | रु ७ लाख सम्म |
| **व्यवसायिक कृषि** | १५ % | १.५% | १० वर्ष | रु ७ लाख सम्म |
| **आवास** | १५ % | १.५% | १० वर्ष | रु ७ लाख सम्म |
| **शिक्षा** | १५ % | १.५% | १० वर्ष | रु ७ लाख सम्म |
| **उर्जा** | १५ % | १.५% | २ वर्ष | रु २ लाख सम्म |
| **आकस्मिक** | १५ % | १.५% | १ वर्ष | रु ३० हजार सम्म |
| **डिजीटल** | १५ % | ० | १ बर्ष | रु २ लाख सम्म |

**नोटः**

**संस्थाले प्रदान गर्ने सम्पुर्ण कर्जामा दलित, मुक्त कमैया, वादी, हलिया, द्वन्द्व पिडित, एकल महिला, अपाङ्ग तथा जेष्ठ नागरिकहरुलाई व्याज दरमा १ प्रतिशत छुट गरि सहुलियत प्रदान गर्ने व्यवस्था रहेकोछ ।**

## ३. वीमा

| क्र. स. | नाम | शुल्क | सुबिधा |
|---|---|---|---|
| १ | कर्जा वीमा | **कर्जा रकमको** ०.०३९९% प्रति व्यक्ति | सदस्य तथा निजको श्रीमान्/श्रीमतीको (उमेरको हद ७० वर्ष भित्र) असामयीक निधन भएमा कर्जाको जोखिम बहन गरि कर्जा मिनाहा गरिने |
| २ | पशु वीमा | **वीमाङ्क रकमको** १ % | वीमांक रकमको ९०% क्षतिपुर्ती पाउने<br>साथै ऋणी सदस्यको २ लाखको दुर्घटना वीमा हुने |
| ३ | कृषी वीमा | **वीमाङ्क रकमको** १ % | वीमांक रकमको ९०% क्षतिपुर्ती पाउने |
| ४ | काजकृया खर्च वीमा | **रू. ३९९ प्रति व्यक्ति** | सदस्य तथा निजको श्रीमान्/ श्रीमतीको मृत्युमा काज क्रिया खर्च बापत रु.१० हजार पाउने |
| ५ | जीवन वीमा | | हाललाई यो सेवा बन्द गरिएको छ । विगतमा वीमा भएकाहरूको निरन्तरता दिइएको छ । |

## ४. रेमिटान्स

| S.N. | Partner Company | S.N. | Partner Company |
|---|---|---|---|
| 1 | IME | 8 | |
| 2 | IPAY Remit | 9 | Muktinath Remit |
| 3 | Himal Remit | 10 | |
| 4 | GME Remit/Best Remit | 11 | Nepal Remit |
| 5 | Prabhu Remit | 12 | City Remit |
| 6 | Sewa Remit | 13 | esewa Money Transfer |
| 7 | Samsara Money Transfer | 14 | Western Union Money Transfer |

## जीवन विकासका सामाजिक अभियानहरू

**यस वित्तीय संस्थाले लघुवित्त कार्यक्रमको साथसाथै बालबच्चा, किशोरी, सुकुम्बासी, अति विपन्न, समुदाय, लगायत देशलाई नै विभिन्न क्षेत्रमा सहयोग पुग्ने किसिमका विभिन्न ९ किसिमका अभियानहरु संचालन गर्दै आएको छ । वित्तीय संस्थाले यी अभियानहरु मार्फत स्वास्थ्य, शिक्षा, सभ्य समाज निर्माण तथा गरिबीको रेखामुनि रहेका परिवारहरुलाई माथि उकास्ने, सुकुम्बासीलाई जग्गाधनी बनाउने र सुरक्षित घरमा बास गर्ने वातावरण बनाउन सफल भएको छ ।**

### १. जीवन विकास बालशिक्षा:

#### (क) बाल शिक्षा :-

नेपालमा गरिबीको रेखामुनि रहेका परिवारका वालवालिकाहरुको साक्षरता दर न्युन रहेको छ। ग्रामिण भेगका विपन्न परिवारका विद्यालय जाने उमेर भएर पनि विद्यालय नगएका तथा शैक्षिक अवस्था कमजोर भएका ६ वर्ष मुनिका बालबालिकाहरुलाई लक्षित गरी बालमैत्री वातावरणमा मन्टेश्वरी विधिबाट अध्ययन गराउन बाल शिक्षा कार्यक्रम संचालन गरिएको छ। यस कार्यक्रमले गरीब तथा विपन्न परिवारका वालवालिकाहरुको सामाजिक तथा शैक्षिकस्तरमा बृद्धि भएको पाईएको छ । २०८० असारसम्ममा संचालनमा रहेका बालशिक्षाका विद्यालय र विद्यार्थी विवरण यस प्रकार रहेका छन् :-

| विद्यालय संख्या | हाल अध्ययनरत विद्यार्थी | अध्ययन पुरा गरेको |
|---|---|---|
| ५ वटा | २०० जना | ४४० जना |









#### (ख) नि:शुल्क बालबालिका अध्ययन केन्द्र:-

ग्रामिण क्षेत्रमा रहेका अति विपन्न, गरिव, दलित परिवारका बालबालिकाहरुलाई पढाउनु पर्छ भन्ने चेतनाको विकास गराउन, गुणस्तरीय शिक्षाको पहुँचबाट बन्चित बालबालिकाको शैक्षिक गुणस्तरमा सुधार ल्याउन तथा विद्यालय छोडने दर (Drop Out Rate) घटाउन सहयोग पुर्याउने उद्देश्यका साथ बालबालिका अध्ययन केन्द्रको अवधारणा ल्याईएको हो।

विपन्न, गरिब, दलितका परिवारमा अधिकांश अभिभावकहरु नपढेको हुनाले बालबच्चालाई समेत पढाउनु पर्ने चेतनाको अभाव भएको तथा आर्थिक समस्याले समेत बच्चालाई विद्यालय पठाउन वास्ता नगर्ने हुनाले केही बालबालिका विद्यालय गए पनि पढाईमा निकै कमजोर हुने जसले गर्दा बच्चा तथा अभिभावक समेत पढाईमा रुचि राखेको पाईदैन। बालबालिका अध्ययन केन्द्रले गरिब, विपन्नका त्यस्ता बालबालिकाहरुलाई समुदाय कै सक्षम सहजकर्ताको माध्यमबाट उपयुक्त समयमा निशुल्क पढाउने व्यवस्था गरेको छ। विद्यालय जानु भन्दा पहिला वा सकेपछिको समयमा कम्तीमा १:३० घण्टा बच्चाहरुलाई Tuition पढाउने र विद्यालय जानलाई उत्प्रेरित गर्ने कार्य सहजकर्ताले गरेको हुन्छ। २०८० असारसम्म निम्न अनुसारको नि:शुल्क अध्ययन केन्द्र संचालनमा रहेको छ :-

| अध्ययन केन्द्र संचालन भएको | | | |
|---|---|---|---|
| जिल्ला | शाखा | केन्द्र | जम्मा विद्यार्थी |
| १५ | ४३ | ५५ | १,७७३ |

## २. नव विहानी





हाम्रो समुदायमा बालिकाहरु शिक्षा मात्र नभई अन्य सामाजिक दृष्टिकोणबाट समेत बहिस्कृत हुनुपर्ने बाध्यताहरु रहेका छन् । बालिकाहरुलाई विद्यालय शिक्षासम्मको पहुँच नै पहिलो चुनौति हो भने पहुँच पुगे तापनि अध्ययनलाई निरन्तरता दिने अर्को चुनौती रहेको छ । त्यसमाथि बाल विवाह, बाल श्रम, घरेलु हिंसा, सामाजिक कुप्रथा जस्ता जटिल समस्याहरु समाजमा सर्वत्र पाईन्छ । तसर्थ विचमै पढाई छोड्ने तथा वालविवाह गर्न बाध्य हुनसक्ने किशोरीहरुलाई लक्षित गरी उच्च शिक्षासम्मको अध्ययनका लागि उत्प्रेरीत गर्दै वित्तीय साक्षरता तथा जीवनोपयोगी सिप प्रदान गरी अभिभावकको पेशामा सहयोग पु¥याउन सक्षम बनाई परिवारमा छोरीको महत्व सिर्जना गर्न यस वित्तीय संस्थाले सामुदायिक विद्यालय तथा विपन्न बस्तीमा १० देखि १९ वर्षसम्मका किशोरी (बालिका)हरुलाई परिचालन गरी नव विहानी कार्यक्रम संचालन गरिरहेको छ। साथै पढ्दै कमाउदैको नारा सहित किशोरीहरुको लागि Incubation Center को स्थापना गरिएको छ। जहाँ उनीहरुलाई जीवन उपयोगी तालिमसँगै तरकारीको बिउ, कुखुराको चल्ला लगायत आम्दानी हुने किसिमको सामग्री दिएर सिक्न लगाउने गरिएको छ । यस अभियानमा सहभागी विद्यालय, किशोरी र उनीहरुलाई दिईएको जीवन उपयोगी तालिम तथा चेतनामुलक सन्देश आ.व.२०७९/८० मा यस प्रकार रहेका छन् :-

| विद्यालयमा संचालन भएको | | समुदायमा संचालन भएको | | कूल | किशोरीहरुलाई | तालिममा | पढदै कमाउदै |
|---|---|---|---|---|---|---|---|
| विद्यालय संख्या | सहभागी संख्या | केन्द्र संख्या | सहभागी संख्या | सहभागी किशोरी | दिईएको तालिम संख्या | सहभागी संख्या | कार्यक्रममा सहभागी |
| ३७ | १,४१९ | १८ | ३४२ | १,७६१ | ७३ | १,०८५ | ३५ |

## ३. सुरक्षित आवास

लघुवित्त कार्यक्रमले विपन्नहरुलाई संगठित गरी आर्थिक कारोवारमा सहभागी गराई वित्तीय साक्षरता लगायत शिक्षा, स्वास्थ्य र आर्थिक विकासमा टेवा पु¥याएको भए तापनि दिगो तथा प्रभावकारी आर्थिक विकास हुन नसकिरहेको अवस्थालाई मध्यनजर गर्दै सुरक्षित आवासको अवधारणा ल्याइएको हो । कच्ची तथा फुस (परालको छाना र माटोको जोडाई भएको) को घरमा बसोबास गर्ने गरीब तथा विपन्न परिवारले वर्षेनी घर निर्माण तथा मर्मतमा आफनो वचत भन्दा बढी खर्च गर्ने गरेको छ। कच्ची तथा फुसको घर बर्षाको मौसममा लगातारको हुरीबतास, बाढी, पहिरो तथा सुख्खायामको आगलागीमा परी पूर्ण वा आंशिक रुपले क्षति हुने गरेको अवस्था देखिएको छ। जसले गर्दा असुरक्षित घरमा बसोबास गर्न बाध्य हुनु परेको छ र अर्को वर्ष पुनः ऋण लिएर भएपनि घर निर्माण तथा मर्मत गर्नुपर्ने बाध्यता भएकोले राम्रो आम्दानी गरी सम्पति जोड्ने विषयमा सोच्न समेत सकिरहेको हुदैन । संस्थाले आफ्ना सदस्यहरुको आवास निर्माणको लागि ऋणको समेत व्यवस्था गरेको छ जुन आ.व.२०७९/८० सम्म कुल लगानीमा रहिरहेको ऋणको १८.६४ प्रतिशत रहेको छ साथै यस वित्तीय संस्थाले विभिन्न सरोकारवाला निकाय तथा संघ संस्थाहरुसँग सहकार्य गरी सुरक्षित आवास निर्माणमा सहयोग गर्ने गरेको छ। २०८० असार सम्ममा संस्थाले विभिन्न सरोकारवाला निकायसँगको सहकार्यमा निम्नानुसारका आवास निर्माण सम्पन्न तथा निर्माणमा सहयोग गरेका छन् :

| नमुना बस्ती संख्या | पूर्ण घर निर्माण | घर निर्माणमा सहयोग | आवास ऋणबाट घर निर्माण |
|---|---|---|---|
| ९ | २८२ | १,६०३ | १३०,२६३ |



## ४. सुकुम्बासीलाई जग्गाधनी बनाउने

अधिकांश गरीब तथा विपन्न परिवारहरु सडकको पेटी, नहरको डिल, खोला किनार लगायतका प्रकोपको जोखिम क्षेत्रमा पुस्तौंपुस्ता देखि वसोवास गर्दै आइरहेका छन्। ती परिवारहरु एकातिर प्राकृतिक प्रकोपको जोखिममा छन भने अर्को तर्फ स्थानीय निकायको विकास निर्माण जस्तैः सडक विस्तार तथा निर्माण, नहर सरसफाई, खोलामा तटवन्धन आदी कार्यका लागि बाधक बन्न बाध्य भएका छन्। यस किसिमका कठिनाईहरुबाट मुक्त गरी भुमिहीन सुकुम्वासी सदस्यहरुको दिगो विकासका लागि आवास कार्यक्रम संचालन गरिएको छ । यस कार्यक्रम अन्तर्गत वित्तीय संस्थाले भुमिहीन सदस्यहरुलाई जग्गाधनी बनाई आफ्नै जग्गामा सुरक्षित आवास निर्माणमा सहयोग गर्दै आईरहेको छ। यस कार्यक्रमले आ.व.२०७९/८० मा ३४३ जना थप गरी २०८० असारसम्म २१७८ जना भुमिहीन सदस्यहरुलाई जग्गाधनी बनाउन सफल भएको छ।

### ५. घर आंगन तरकारी खेती

वित्तीय संस्थाले सदस्यहरुलाई थोरै ठाउँमा पनि आफ्नै घरमा फलाएको विषादी रहित ताजा तरकारी खान र फलफुलको बिरुवाहरु लगाउन तथा प्रयोग गर्न प्रोत्साहन गर्ने गरेको छ। यसले विपन्न गरीब परिवारलाई कम लागत र थोरै ठाउँमा पनि तरकारी तथा फलफूल फलाई प्रयोग गर्न प्रेरणा मिलेको छ । यसले एकातिर सदस्यहरुको आर्थिक अवस्थामा टेवा पुऱ्याएको छ भने अर्को तिर स्वस्थ रहन पनि सहयोग गरेको छ । आ.व.२०७९/८० मा ८९७८ जना सदस्यलाई तरकारीको बिउ उपलब्ध गराई सहयोग गरेको छ।





### ६. जसको कोही छैन उसको जीवन विकास

समाजमा आफ्नावाट अपहेलीत भएका तथा आफ्नो कोही नभएर सहारा विहिन हुन पुगेका अति विपन्न असहाय, वृद्ध, अपाङ्ग, एकल महिला/पुरुष तथा स-साना वालवालिकाहरुलाई यस अभियानले सहयोग गर्ने गरेको छ। समुदायमा सहारा विहिन भएर दुःखद जीवन विताईरहेका (सदस्य वा गैर सदस्य) विपन्न परिवारको आवश्यकता अनुरुप उनीहरुलाई सहयोग प्रदान गर्दछ । स्थानीय निकाय, संघ संस्था तथा अन्य सरोकारवाला निकायहरुसँगको सहकार्यमा पूर्ण घर (घर, चर्पी, स्वच्छ पिउने पानी, धुवाँ रहित चुलो तथा वत्ती), स्वास्थ्य, शिक्षा लगायत आवश्यक क्षेत्रमा सहयोग गरेको छ । यसले समाजमा सहयोगी भावनाको विकास गरेको छ भने बेसहरा, विपन्न तथा असहाय परिवारको मनोवल वृद्धि भएको पाईएको छ । साथै १ जना कर्मचारीले १ जना अति विपन्न परिवार जिम्मा लिने (Adopt) र सो परिवारको जीवनस्तरमा सुधार ल्याउन निरन्तर प्रयास गर्ने गरेको छ। आ.व. २०७९/८० मा तपशिल अनुसार सहयोग गरीएको छ।

| जिम्मा लिएको अति विपन्न परिवार | घर निर्माण | खाना/औषधि/कपडा/व्यवसाय | घर निर्माणमा सहयोग | अध्ययनको लागि जिम्मा लिएको अति विपन्न परिवारका विद्यार्थी |
|---|---|---|---|---|
| १५१ | ८४ | ५७६ | ९४ | ४४९ |

### ७. सामुदायिक स्वच्छता

स्वच्छता हाम्रो शारिरिक र मानसिक स्वास्थ्यसँग जोडिएको हुनाले ग्रामिण भेगमा स्वच्छता सम्बन्धी चनचेतना फैलाई सरसफाईको कमीबाट हुन सक्ने जोखिमहरुलाई न्युनिकरण गर्नु यस अभियानको मुख्य उद्देश्य रहेको छ। ग्रामिण भेगमा फोहोर मैलाको व्यवस्थापनको कमीले बर्षेनी विभिन्न रोगहरु फैलिने र लाखौ रकम उपचारमा खर्च हुने तथा मृत्यु समेत भईरहेको हुनाले "स्वच्छ समाज स्वस्थ समाज" को नारा सहित यस अभियानलाई निरन्तरता दिईएको छ । स्वच्छता सबैको सामुहिक जिम्मेवारीको बिषय भएकोले स्थानीय निकाय, स्थानीय Club, NGO, INGO र समुदायसँग सहकार्य गरि यस कार्यक्रमलाई व्यापक रुपमा अगाडी बढाईएको छ । स्वस्थ वातावरण निर्माणको लागि सदस्यहरुलाई फलफूल लगायत अन्य जातिका कम्तिमा २ वटा बोट विरुवाहरु घर वरिपरि लगाउन पहल गरिएको छ। साथै कुनै परिवारमा नयाँ सदस्यको आगमन (जन्म) हुँदा २ वटा फलफूलको विरुवा लगाउने र कसैको मृत्यूमा समेत सम्वेदना प्रकट गर्दै २ वटा फलफूलको विरुवा लगाउने अभियान चलाईएको छ। यस अभियान अन्तर्गत २०८० असारसम्ममा गरिएका कार्यहरु:

| सरसफाई कार्यक्रम | वृक्षारोपण संख्या | स्वास्थ्य सचेतना कार्यक्रम | शौचालय निर्माण | खानेपानी |
|---|---|---|---|---|
| ४,३६३ | ४,३८२ | ४,१९१ | ३८,४०९ | १४,८८७ |

### ८. प्रकोप तथा विपदमा सहयोग

प्रकोप तथा विपदवाट मानव जीवनमा उत्पन्न हुने समस्या र हुन सक्ने जोखिमहरुलाई न्युनिकरण गर्न यस अभियानले सघाउ पुऱ्याएको छ। बाढी, पहिरो, आगलागी, भुकम्प, विभिन्न किसिमका प्रकोप तथा महामारी रोगहरुको कारण जनजीवन प्रभावित भई विभिन्न किसिमका समस्याहरु उत्पन्न हुने साथै प्रकोपले विपद् सँगसँगै जनधनको समेत क्षती गर्ने गर्दछ। प्रकोप तथा विपद्मा सहयोग प्रदान गर्ने यस अभियानको मुख्य उद्देश्य रहेको छ। प्रकोपबाट उत्पन्न हुने विभिन्न समस्याहरु जस्तैः भोकमरी, सुरक्षित बास स्थान, सरसफाई, प्राथमिक स्वास्थ्य सेवा, बालक, वृद्ध, गर्भवती, सुत्केरी, अपाङ्ग आदिलाई प्राथमिकतामा राखी आवश्यक सहयोग गर्ने गरिएको छ। आ.व. २०७९/८० मा १५७ जनालाई रु.३२८६७३।- सहयोग गरीएको छ।

| बाढी पिडित सदस्य गैर सदस्यलाई खाना लगायतमा सहयोग | | आगलागीमा सहयोग | | अन्य सहयोग | |
|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| ७३ | १२,२४० | ७३ | २९०,०७३ | ११ | २६,३६० |



## ९. उद्यमशीलता विकास





देश विकासमा मुख्य योगदान दिने शिक्षित युवा वर्ग, सक्षम जनशक्ति स्वदेशमा रोजगारी नपाएर विदेशिनुले देश विकासमा मुख्य चुनौती थपिएको छ भने विदेशमा जोखिमको काम गर्न समेत बाध्य भएको छ जसले गर्दा हजारौ नेपाली वर्षेनी विभिन्न दुर्घटनामा परी मृत्यू भईरहेको हामीले सुनिरहेका हुन्छौ। अर्कोतिर कुनैपनि परिवारले आफ्नो बालबच्चालाई खुशी राजीले विदेश पठाउने गरेको पाईदैन । स्वदेशमा रोजगारी नपाएर बाध्य भएर युवा जनशक्ति जोखिम तथा आर्थिक भार समेत लिई विदेशिनु परेको यथार्थ घट्नाहरु दिनहुँ समाचारहरुमा सुन्न तथा देख्न पाईएको छ। आफ्नै देशमा, आफ्नो परिवारसँगै बसेर विभिन्न शीप तथा रोजगार सिकी उद्यमी बन्न उत्प्रेरित गर्नु यस कार्यक्रमको मुख्य लक्ष्य रहेको छ। यस अभियानले निशुल्क रुपमा सदस्यको आवश्यकता र चाहना अनुसार उद्यमशीलता सम्बन्धी विभिन्न अन्तरक्रिया, तालिमहरु संचालन गरिएको छ भने सदस्यहरुको क्षमता अभिवृद्धिको लागि सफल उद्यमीहरुको व्यापार, व्यवसाय अवलोकन भ्रमणको व्यवस्था गरिएको छ। व्यवसायलाई प्रवर्द्धन गर्न लघुउद्यम कर्जाको व्यवस्था गरी सदस्यलाई लघुउद्यमी बन्न उत्प्रेरित गरिएको छ। साथै उद्यमी सदस्यहरुलाई उत्प्रेरित गर्नको लागि सदस्य तथा निजको श्रीमानको रु.१,००,००० को दरले दुर्घटना बीमा संस्था मार्फत नै गर्ने व्यवस्था गरिएको छ। आ.व. २०७९/८० को विवरण तपशिल अनुसार रहेकोछ।

| उद्यमी संख्या | वीमा गरिएको सदस्य तथा अभिभावक | युवा, विद्यार्थीहरुसंग उद्यमशीलताको अन्तरक्रिया |
|---|---|---|
| २,५३४ | १,२२७ | ३९४ |








## १३. थ्रीजिरो क्लब:

पृथ्वीमा देखिएको जटिल समस्यालाई लक्षित गरी प्रो.युनुसले ल्याएको तीन शुन्यको अवधारणा (शून्य गरिबी, शून्य बेरोजगारी, शून्य खुद कार्वन उत्सर्जन) प्राप्तीका लागि युवा वर्गको नेतृत्वदायी भुमिका, नविनतम सोच, शक्ति र ज्ञानको सदुपयोग गरी सम्पुर्ण मानवजातीको रक्षा तर्फ अग्रसर गराउने उद्वेश्यले युवाहरुलाई संगठीत गर्न थ्रीजिरो क्लवको गठन गरिएको छ । हालसम्म ९४५ वटा थ्रीजिरो क्लबहरु गठन भएका छन् । नेपालमा थ्रिजिरो क्लब गठन तथा परिचालनमा जीवन विकासले नेतृत्वदायी भुमिका निर्वाह गरेकोमा 3Zero Global Center, Bangladesh बाट Best 3Zero Support Organization को रुपमा 2022 र 2023 मा दुई पटक सम्मानित भएको छ ।

## डिजिटल सेवाहरू









**LIAISON OFFICE:**


Madhyapur Thimi-1 (Lokanthali),
Bhaktapur, Bagmati Pradesh, Nepal
Mobile : 977-9802798538
Email : ktm@jeevanbikasmf.com


**CENTRAL OFFICE:**


Katahari-2, Morang, Nepal
Koshi Province, Katahari
Tel.: 977-9802796196
E-mail: info@jeevanbikasmf.com
Website: www.jeevanbikasmf.com